थाहानगरको घट्टेचौरमा हिलेजात्रा मनाइयो । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१६, अंक-०८ ● २०८० भाद्र १८ गते सोमबार, ● 04 Sep., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# वित्तिय प्रगती ७९.२९ प्रतिशत, थुप्रै प्रशासनिक सुधार !




इन्द्रसरोवरको वार्षिक समिक्षा

मणिराज थापा
इन्द्रसरोवर

मकवानपुर इन्द्रसरोवर गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक समिक्षा कार्यक्रम भएको छ । पालिकाको आयोजनामा समिक्षा कार्यक्रम भएको हो । गाउँपालिकाले आर्थिक वर्ष ०७९/०८० मा ७९.२९ प्रतिशत वित्तिय प्रगती हासिल गरेको छ । चालुतर्फ ८४.८६ प्रतिशत र पुँजीगततर्फ ७३.७२ वित्तिय प्रगती हासिल भएको प्रममुख प्रशासकीय अधिकृत प्रलाद कार्कीले जानकारी दिए ।

पालिकाको पाँचवटै वडाको खर्च उपशीर्षकमा ८८.०५ प्रतिशत वित्तिय प्रगती भएको छ । यस अन्तर्गत वडा नम्बर १ मा ८२.२३ प्रतिशत, वडा नम्बर २ मा ९५.७८ प्रतिशत, वडा नम्बर ३ मा ८०.१७ प्रतिशत, वडा नम्बर ४ मा ९६.२२ प्रतिशत र वडा नम्बर ५ मा ८५.८७ प्रतिशत वित्तिय प्रगती हासिल भएको प्रमुख प्रशासकीय अधिकृत कार्कीले जानकारी गराए । समिक्षा कार्यक्रमको अवसरमा चालु आर्थिक वर्ष २०८०/०८१ मा वित्तिय प्रगतीको लक्ष्य शतप्रतिशत पुऱ्याउने सबै वडा अध्यक्षहरूले प्रतिवद्धता जनाएका छन् ।

गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीको सभाध्यक्षमा भएको समिक्षा कार्यक्रममा गत आर्थिक वर्षमा गाउँपालिकाका विभिन्न शाखाहरूबाट सम्पादन गरिएका कार्यहरूका बारेमा सम्बन्धित शाखा प्रमुखहरूले प्रगति विवरण प्रस्तुतीकरण गरेका थिए । समिक्षाका क्रममा गाउँपालिकाले अवलम्बन गरेका असल अभ्यासका बारेमा सहभागी जनप्रतिनिधिहरूले चासो व्यक्त गरेका थिए । पालिकाले असल अभ्यासहरूमा साना टुक्रे खरिदलाई निरूत्साहित गर्दै विद्युत्तीय खरिद प्रणालीलाई प्रश्रय दिइएको, भुक्तानीका लागि चेक राइटिङलाई विस्थापित गर्दै प्रिन्टेड चेकका साथै इलेक्ट्रोनिक फन्ड ट्रान्सफर (इएफटी) लागू गरिएको, वडाबाट सिफारिस प्राप्त गरेपछि आवश्यक कागजात र प्रक्रिया पुरा भएपछि तुरून्तै भुक्तानी दिने गरिएको, लेखाका श्रेस्ताहरूलाई थप व्यवस्थित गरिएको, खरिद कार्यमा सहभागितामूलक प्रक्रिया अवलम्बन गरिएको जस्ता कार्यहरू आर्थिक प्रशासन शाखा प्रमुख सन्तोष बन्जाराको प्रस्तुतीकरणमा समेटिएको थियो ।

त्यसैगरी योजनातर्फ गुणस्तरीयता कायम गर्न पूर्वाधार विकास समितिलाई समेत सक्रिय तुल्याई हरेक चरणमा अनुगमन गरिएको, स्लाब ढलानको थिकनेस मापन गर्न कोरकटिङ मेशिन खरिद गरी सबै योजनाहरूका स्लाब कटिङ गरि थिकनेस मापन गरिएको, निर्माण सामग्रीहरूको गुणस्तर मापन गर्न निर्माणका हरेक चरणमा आधिकारिक प्रयोगशालाबाट ल्याब टेस्ट गर्ने व्यवस्था मिलाइएकोलगायतका राम्रा अभ्यासहरू प्राविधिक शाखा प्रमुख बिमल मुक्तानले समिक्षा कार्यक्रममा जानकारी गराएका थिए ।

कृषकहरूका लागि प्रदान गरिएको कृषि ऋणमा ७० प्रतिशत व्याज अनुदानको अनुगमन गरी ३ जना कृषकहरू निष्क्रिय रहेका कारण प्रदान गरिएको व्याज अनुदानमा कट्टा गरिएको आर्थिक विकास समितिका संयोजक प्रताप भोम्जनले बताए । पशुचौपायमा फैलिएको लम्पीस्किन रोग नियन्त्रणका लागि पालिकाले निःशुल्क खोपको व्यवस्था मिलाई थप क्षति हुनबाट बचाएको लगायतका विषयमा भएको सेवा प्रवाह पनि कार्यक्रममा समिक्षा भएको थियो ।

त्यसैगरी कक्षा ८ र एसइई परीक्षामा नतिजा सुधार्न गाउँपालिकाले अंग्रेजी, गणित र विज्ञान विषयको सिकाई उपलब्धि परीक्षा सञ्चालन गरेको, बालविकास केन्द्रहरूलाई मण्टेश्वरी शिक्षण विधिबाट शिक्षण गर्न सबै बालविकास सहजकर्ताहरूलाई मण्टेश्वरी शिक्षण विधि तालिम सञ्चालन गरिएको र सो बाट अनुगमनका क्रममा कक्षाकोठामा उल्लेखनीय सुधार आएको शिक्षा शाखा प्रमुख धर्मानन्द पन्तले जानकारी गराए । ज्येष्ठ नागरिक हेरचाहका लागि निःशुल्क न्यानो कपडा वितरण गर्नुका साथै निःशुल्क स्वास्थ्य शिविर समेत सञ्चालन गरेको गाउँपालिका उपाध्यक्ष उमा कुमारी लामाले समिक्षामा जानकारी गराइन् । शारीरिक रूपमा अशक्त नागरिकहरूका लागि घरघरमै पुगेर अपांगता परिचय पत्र वितरण गर्नुका साथै प्रत्येक तीन तीन महिनामा हरेक वडामा सामाजिक सुरक्षा भत्ता वितरण शिविर समेत सञ्चालन गरेका जस्ता जनमैत्री काम पालिकाबाट भएको उपाध्यक्ष लामाले जानकारी गराइन् ।

इन्द्ररोवर गाउँपालिकामा पहिलो पटक ग्रामीण आँखा केन्द्र स्थापना गरी स्थानीय

*बाँकी पेज ६ मा*

# थाहानगरका पशुलाई गोठमै पुगेर लम्पी स्किन खोप

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिका पशु विकास शाखाको सक्रियतामा पशुवस्तुलाई गोठमै पुगेर लम्पी स्किन खोप लगाइएको छ । पालिकाले अभियान नै सञ्चालन गरेर खोप लगाएको हो । भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्रबाट प्राप्त भएको खोप समेत पशुहरूलाई लगाइएको छ । किसानले पालेको पशु क्षति हुनबाट जोगाउनका लागि अभियान संचालन गरिएको हो ।

खोप अभियान अन्तर्गत थाहाका १ हजार १ सय ५० पशुलाई लम्पी स्किन विरूद्धको खोप लगाइएको पशु लगाइएको पशु विकास शाखाका रूपेश कुमार मिश्रले जानकारी दिए । उक्त खोप थाहा नगर पालिकाको वडा नम्बर ५ र ७ बाहेकका अरू १० वटा वडामा लगाइएको हो । सबैभन्दा बढि वडा नम्बर ६ मा २ सय २५ पशुलाई लगाइएको छ ।

नगरपालिकाको पशु शाखाबाट वडा नम्बर १ मा २५ वटा पशु वस्तुलाइ्र खोप लगाइएको छ । वडा नम्बर २ को १ सय ५०, वडा नम्बर ३ को १ सय ५, वडा नम्बर ४ को ९५, वडा नम्बर ६ को २ सय २५, वडा नम्बर ८ को १ सय ५०, वडा नम्बर ९ को ७९, वडा नम्बर १० को १ सय ४६, वडा नम्बर ११ को ७५ र वडा नम्बर १२ को १ सयवटा पशु वस्तुलाई खोप लगाइएको हो । थाहामा ३ सय १० वटा पशुमा लम्पी स्किन रोग संक्रमण भएको शाखाको रिपोर्ट छ । संक्रमण भएका मध्ये ३४ वटाको मृत्यू भएको छ । सबैभन्दा बढि संक्रमित वडाका रूपमा ८ नम्बर रहेको छ । यस वडामा ८१ पशुमा लम्पी स्किनको संक्रमण देखिएको पशु विकास शाखाले जनाएको छ । सबैभन्दा कम वडा नम्बर १ को ७ वटा पशुमा मात्र संक्रमण देखिएको छ । खोप लगाउनै बाँकी वडा नम्बर ५ मा ११ वटा र ७ नम्बर वडामा ७० पशुमा संक्रमण रहेको पाइएको छ ।

लम्पी स्किनबाट मृत्यूहुने पशु संख्यामा वडा नम्बर १, २ र ५ मा १/१ वटा पशुको मृत्यू भएको छ । वडा नम्बर ४ मा ८ वटा, वडा नम्बर ६ र ९ मा ३/३ वटा, ७ मा ६ वटा वडा नम्बर ८ मा ९ वटा र वडा नम्बर १० मा २ वटा पशुको लम्पी स्किन रोगका कारण मतयू भएको पशु शाखाले जनाएको छ ।

# *शिविरमा १ सय ३७ को स्वास्थ्य परीक्षण*

◆ विकास संवाददाता



पालुङ प्राथमिक स्वास्थ्य केन्द्र थाहा नगरपालिकामा १६ भाद्रमा स्वास्थ्य शिविर भएको छ । स्वास्थ्य शिविरमा १ सय ३७ जनाले आफ्नो स्वास्थ्य परीक्षण गराएका थिए ।

स्वास्थ्य परीक्षण गराएकाहरू मध्ये ६० जनाले स्त्रीरोगसंग सम्बन्धीत तथा ७७ जनाले भिडियो एक्सरेमा सेवा लिएको स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर गगन कार्कीले जानकारी दिए । शिविरमा स्त्रीरोग विशेषज्ञ डाक्टर बिना श्रेष्ठ र भिडियो एक्सरेमा रेडियोलोजिस्ट अनुज बज्राचार्यले सेवा प्रदान गरेका थिए ।

स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर गगन कार्कीका अनुसार प्राथमिक स्वास्थ्य केन्द्रमा प्रत्येक दुई हप्ताको अन्तरमा पर्ने शनिवार विशेषज्ञ स्वास्थ्य शिविरलाई निरन्तरता दिने जानकारी दिए ।



# • सम्पादकीय •

## उपचारको लागि शिविर कुर्न नपरोस्

थाहा नगरपालिकामा नि:शुल्क स्वास्थ्य शिविरहरु सञ्चालन हुने गरेका छन् । भौगोलिक विकटता भएको हाम्रो जस्तो मुलुकमा आमनागरिकमा भरपर्दो स्वास्थ्य सेवाको पहुँच अझै पुग्न सकिरहेको छैन । विकट ग्रामीण भेगका बहुसंख्यक नागरिकलाई यस्ता स्वास्थ्य शिविर आफ्नो स्वास्थ्य जाँचका लागि महत्वपूर्ण अवसर बन्ने गरेका छन् । थाहानगरमा पालुङ जेसीज, विभिन्न सहकारी संस्थाहरु तथा अन्य गैर सरकारी संस्थाहरुको आयोजना व्यवस्थापनमा स्वास्थ्य शिविरहरु भैरहेका छन् । आर्थिक तथा प्राविधिक सहयोग जुटाएर आयोजना गरिएको यस्तो शिविरमा एक/दुई दिनमै धेरैले स्वास्थ्य सेवा लिने मौका पाउने गरेका छन् । आधारभूत स्वास्थ्य सेवा पाउनु प्रत्येक नागरिकको अधिकारको कुरा भए पनि सो बमोजिम स्वास्थ्य सेवा प्राप्त गर्ने अवसर नपाउँदा आज पनि बेलामौकामा लाग्ने नि:शुल्क स्वास्थ्य शिविरलाई सर्वसाधारण नागरिकले ठूलो मौकाको रुपमा लिनुपर्ने अवस्था छ । आम रुपमा मानिसहरुलाई हुने सबैखालका स्वास्थ्य समस्या महिलाहरुलाई पनि हुने गर्छ, यसका अतिरिक्त प्राकृतिक रुपमा महिला शरीरले सामना गर्ने गर्भावस्था, सुत्केरी, सुत्केरीपश्चातका जटिलता, महिनावारी, बच्चाको लालनपालन, किशोरी अवस्थादेखि हरेक चरणमा हुने हर्मोनल परिवर्तनका थप अवस्थाले महिला स्वास्थ्यमा थप प्रभाव पारिरहेको हुन्छ ।

एकातिर प्राकृतिक रुपमा महिलाले सामना गरिरहेका यस्ता विषय अर्कोतिर पारिवारिक सामाजिक रुपमा महिलालाई गरिने दोस्रो दर्जाको व्यवहारले महिला स्वास्थ्य अत्यन्त जोखिममा हुने गरेको देखिन्छ । उचित स्वास्थ्य सेवा, पोषण, माया, सद्भावको अभावले महिला स्वास्थ्य बिग्रँदै गएको देखिन्छ । ग्रामीण भेगका विपन्न समुदायमा महिला स्वास्थ्य झनै जोखिममा रहँदै आएको छ । यस्तो अवस्था भोगिरहेका बेला आयोजना हुने गरेका यस्ता नि:शुल्क स्वास्थ्य शिविरहरुमा विरामीको निकै भीड देखिनु स्वाभाविक छ । यस्ता शिविरहरु विपन्न तथा सीमान्तकृत समुदायका लागि स्वास्थ्य जाँचको महत्वपूर्ण अवसर बन्ने गरेका छन् । एक त आर्थिक अभावले नागरिकहरु रोग पालेर बस्न बाध्य छन्, त्यसका अतिरिक्त अपर्याप्त स्वास्थ्य सेवा, स्वास्थ्य संस्था महिलामैत्री नहुँदा लाजकै कारण पनि महिलाहरुले प्रजनन स्वास्थ्यसँग जोडिएका समस्या सहेरै बस्ने गरेको देखिन्छ ।

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भन्ने उल्लेख छ । त्यस्तै संविधानले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हकको समेत व्यवस्था गरेको छ । तर व्यवहारमा यसको कार्यान्वयन अझै हुन सकिरहेको छैन । प्रत्येक नागरिकको स्वास्थ्य सेवामा समान पहुँचको संवैधानिक प्रावधानलाई कार्यान्वयनमा लैजान धेरै काम गर्नुपर्ने आवश्यकता छ । समाजवाद उन्मुख राष्ट्र निर्माणको कुरा गरिरहँदा शिक्षा, स्वास्थ्य जस्ता अतिसंवेदनशील विषयहरु राज्यको दायित्वभित्र ल्याउने कुरा प्राथमिकताको विषय हुनुपर्ने हो । आधारभूत स्वास्थ्य उपचारका लागि समेत नागरिकले कहिलेसम्म नि:शुल्क शिविर कुर्ने ? यसमा ध्यान दिनू आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# दिगो विकास: लक्ष्य र कार्यान्वयनका उपाय

◆गम्भीरबहादुर हाडा

आजभोलि विश्वभरि नै 'दिगो' अर्थात् अंग्रेजीमा 'सस्टेनेबल' शब्दको व्यापक प्रयोग भइरहेको छ । विकासको महत्वपूर्ण सूचकांक विकासमा दिगोपनको अवस्थिति हो । विकासको अर्थ र सार्थकता नै त्यसको दिगोपनसँग हुन्छ ।

साधारण अर्थमा विकासमा दिगोपन भन्नाले कुनै एक पटक सञ्चालन भएका कुनै पनि क्षेत्रसँग सम्बन्धित विकास निर्माण कार्यको निरन्तरतालाई जनाउँछ । यस प्रकारको विकास समुदायको हैसियत, औकात तथा महत्वको दृष्टिकोणबाट निकै सकारात्मक राख्ने शीर्षकअन्तर्गतको हुन्छ । नेपालको सन्दर्भमा दिगो विकास भनेको गरिबी निवारण र वातावरण संरक्षण नै हो । गरिबी निवारण गर्ने प्रक्रियाका क्रममा वातावरणीय क्षतिलाई मूल्यांकन गरेर मात्र कार्यक्रमहरू अघि बढाउन सकेको खण्डमा ठिक लक्ष्यमा पुग्न र भोलिका पिँढीहरूलाई पनि यही तरिकाले अवतरण गराउन सघाउ पुग्छ । कुनै पनि कार्यक्रमहरू सञ्चालन गर्नुअघि विविध पक्षहरूको अध्ययन गरी सबै क्षेत्रबाट ठिक छ भन्ने राय प्रकट भएमा मात्र काम सञ्चालन गरेमा त्यसबाट दिगो विकास सम्भव हुन जान्छ ।

दिगो विकासको खास मान्यता नै विद्यमान स्रोत र साधनलाई भविष्यमा हुने विकास कार्यक्रमका लागि पनि बाँकी रहन दिनुपर्छ भन्ने हो । यो भविष्यमा गरिने विकास र सन्ततिका लागि प्राकृतिक स्रोत र सम्पदा जोगाएर राख्नुपर्छ भन्ने कुरासँग सम्बन्धित छ । मानवीय विकास क्रियाकलाप र प्राकृतिक स्रोत र साधनबीचको सन्तुलनसँग सम्बन्धित छ । यसरी के भन्न सकिन्छ भने, दिगो विकास त्यस्तो विकास हो, जसले भविष्यका सन्ततिहरूका लागि चाहिने कुनै पनि किसिमको हानि नगरीकन मानिसहरूका आवश्यकता पूरा गर्छ । विकास र वातावरणको अन्योन्याश्रित सम्बन्ध भएकाले सन् १९८३ मा वातावरण र विकाससम्बन्धी आयोग गठन गर्न संयुक्त राष्ट्रसङ्घ साधारणसभाबाट प्रस्ताव पारित गरी १९८३ डिसेम्बरमा 'ब्रन्ड एन्ड कमिसन' गठन भयो । उक्त आयोगले सन् १९८६ मा संयुक्त राष्ट्रसङ्घको ४२औँ साधारणसभामा आफ्नो प्रतिवेदन 'हाम्रो साझा भविष्य' प्रस्तुत गर्‍यो ।

उक्त बहुचर्चित प्रतिवेदन उत्तर-दक्षिणबीचको विचार र उत्तरदायित्वलाई सन्तुलन मिलाउने प्रयास गर्दै र केही सुझाव प्रस्तुत गर्दै यदि हामीले अविच्छिन्न रूपमा अहिलेजतिकै प्राकृतिक साधनहरूको प्रयोग गर्दै जाने हो भने गुणात्मक रूपले घट्दै गइरहेको जीवनको आशा गर्न सक्छौँ । सन् १९८७ अप्रिलमा पर्यावरण एवं विकाससम्बन्धी अन्तर्राष्ट्रिय आयोगले 'हाम्रो साझा भविष्य' विषयको प्रतिवेदन प्रस्तुत गरेको थियो । यसै प्रतिवेदनले पहिलो पटक दिगो विकास सम्बन्धमा प्रकाश पारेको हो । भविष्यका पुस्ताहरूको आवश्यकतालाई प्रभाव नपारीकन वर्तमानका आवश्यकतालाई पूरा गर्नुलाई नै दिगो विकास भनिन्छ । दिगो विकासलाई केही विद्वान्ले आफैँमा धान्न सक्ने विकासको रूपमा लिएका छन् भने कसैले वातावरणको वर्तमान गुणस्तरलाई वृद्धि गर्ने वा सो नभएमा कम्तीमा वातावरणप्रति तटस्थ रहने विकास तथा आर्थिक वृद्धिको स्तर भनेका छन् । 'हाम्रो साझा भविष्य' तथा त्यसपछि निस्केका विभिन्न प्रतिवेदनका आधारमा दिगो विकास भन्नाले भावी पिँढीका आवश्यकतामा पूरा गर्न बाधा नपर्नेगरी वर्तमानको आवश्यकता पूरा गर्न गरिने विकास प्रयत्न हो । नवीकरणीय प्राकृतिक स्रोतहरूको खपत गर्दा भोलिका सन्ततिका निम्तिसमेत जोगाई राख्ने ।

**दिगो विकासका सिद्धान्तहरुमा:**

१. प्राकृतिक प्रणालीलाई धान्न सकिने क्षमता, पृथ्वीको स्याहार र वातावरणको संरक्षण ।
२. दिगो समाज विकासका लागि सन्तुलित आहार, स्तरीय स्वास्थ्य, शिक्षा एवं रोजगारीका अवसर ।
३. जैविक विविधताको संरक्षण गर्ने पर्छन् ।
४. जनसत्त्याको आकारमा सुनिश्चितता प्रदान गर्ने, पृथ्वीले धान्न सक्ने क्षमताको बनाउने र प्रतिव्यक्ति आयमा वृद्धि गर्ने ।
५. वृद्धि भएको आयमा समान रूपले सेवा लिन सक्ने क्षमताको विकास गर्ने ।
६. सांस्कृतिक सम्पदाको संरक्षण गर्ने । स्रोत व्यवस्थापन गर्दा वर्तमान पुस्ताको क्षमता विकास गरी जीवनस्तर सुधार गर्दा भावी पुस्ताहरूले आफ्नो क्षमताद्वारा जीवनस्तर सुधार ल्याउने सम्भावना अक्षुण्ण राख्ने ।

**उद्देश्यहरु:**

१. हरेक आर्थिक क्रियाकलापको अन्तिम आधार भनेको प्राकृतिक संशाधन हो । अर्को शब्दमा भन्दा, हरेक आर्थिक क्रियाकलाप अन्ततोगत्वा प्राकृतिक साधनमै भरपर्छ ।
२. प्राकृतिक संशाधनको आधार निश्चित र सीमित हुन्छ ।
३. प्राकृतिक संशाधनको असावधानीपूर्वक प्रयोग भएमा सोले भविष्यको आवश्यकता तथा उत्पादन भएमा सोले भविष्यको आवश्यकता तथा उत्पादनलाई नकारात्मक प्रभाव पार्छ ।
४. प्राकृतिक पुँजी तथा सम्पत्तिको गुणस्तर वृद्धि गरी सञ्चय गरी राख्ने तथा उत्पन्न समस्याको वर्तमान ज्ञानले समाधान हुन्छ भन्ने पूर्वसावधानी राख्ने गर्छ । ५. ऊर्जा सक्षमता विकास गरेर तथा आफ्नो जीवनशैलीमा परिवर्तन ल्याई औद्योगिक राष्ट्रहरूले ऊर्जा तथा प्राकृतिक स्रोतको बढ्दो खपत गर्ने परिपाटीमा परिवर्तन ल्याउनुपर्छ ।

**दिगो विकासको आवश्यकता तथा महत्व**

दिगो कृषिका विभिन्न स्वरूपहरू वैकल्पिक खेतीका विभिन्न नाममा विश्वभरि विस्तारै फैलिँदै गइरहेको छ । हाम्रा पुर्खाहरूले हजारौँ वर्षदेखि आफ्नै साधन र स्रोतहरू प्रयोग गरेर खेती गर्दै आएका हुन् । उनीहरूले कुनै मेसिन, र ासायनिक मल प्रयोग गर्ने गरेका थिएनन्, न त कीटनाशक विषादीहरू नै प्रयोग गर्थे । तर, पनि जग्गाबाट आवश्यकताअनुसार उत्पादन लिएर जीविका चलाएका थिए ।

यही तरिकालाई आधुनिक उच्च ज्ञान र सीपसँग तालमेल गरी जैविक विविधताहरूमा आधारित दिगो कृषि पद्धतिको विकास गरी खाद्यान्नमा आत्मनिर्भर बन्न सकिन्छ । कुनै पनि साधन तथा स्रोत सकेसम्म कम प्रयोग गर्नुपर्ने धारणा दिगो विकासले सर्वसाधारणमा गराउँछ । खनिज, इन्धन, खानेपानी, कीटनाशक विषादी, रासायनिक मल, वन पैदावार आदिको उपयोग कम गर्नुपर्छ । थोरै प्रयोग गरी बढी फाइदा लिने प्रवृत्ति अपनाउनु पर्छ ।
तिनीहरूको प्रयोग गर्दा खेर फाल्नुहुँदैन भन्ने धारणा दिगो विकासबाट मात्र सम्भव हुन सक्छ । दिगो विकासले के कति विकास गर्ने भन्ने अवधारणा नीति निर्माण र विकासमा संलग्न व्यक्तिहरूमा जगाउने गर्छ ।

**दिगो विकासका लक्ष्यहरु:**

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०१६ देखि २०३० सम्म सदस्य राष्ट्रहरूको रूपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछाड्ने प्रतिबद्धताका साथ सन् २०१५ सेप्टेम्बरमा दिगो विकास लक्ष्य घोषणा गरेको थियो । उक्त घोषणाबमोजिम दिगो विकासका १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा विश्वव्यापी सूचक निर्धारण गरिएका छन् ।

दिगो विकास लक्ष्यका विश्वका सबै राष्ट्रमा सहभागितामूलक र समतामूलक विकास गरी गरिबी र भोकमारी अन्त्य गर्ने सबैलाई स्वास्थ्य र शिक्षा पुर्‍याउनेलगायतका विषय समेटिएका छन् । यसैगरी लैङ्गिक समानता सबैका लागि स्वच्छ ऊर्जाको पहुँच, रोजगारी प्रवर्द्धन, आर्थिक वृद्धि, औद्योगिक विकास, पूर्वाधार विकास र दिगो विकास तथा दिगो सहजीकरण, सुशासन तथा साझेदारी जस्ता विषयसमेत समावेश छन् । समग्रमा दिगो विकास लक्ष्यभित्र सामाजिक, आर्थिक र पर्यावरणीय गरी मूख्यत : ३ वटा आयाम छन् ।

२०७२ सालमा दिगो विकास लक्ष्यको प्रारम्भिक राष्ट्रिय प्रतिवेदन प्रकाशन गरिएको थियो । उक्त प्रतिवेदनलाई अद्यावधिक गरी २०७४ सालमा नेपालको दिगो विकास लक्ष्यको वर्तमान अवस्था तथा भावी कार्ययोजना, २०१६-२०३० प्रकाशन गरिएको थियो । यस दस्तावेजले नेपालसँग सम्बन्धित १६ लक्ष्यहरूअन्तर्गत ४७९ वटा सूचक खडा गरी उक्त लक्ष्य हासिल गर्ने मार्गचित्र प्रस्तुत गरिएको छ ।

नेपालमा दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति तयार गरी दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाललाई चाहिने वित्तीय स्रोतको आँकलन र स्रोतका सम्भाव्य क्षेत्र पहिचान गरिएको छ । यसअनुसार दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक औसत २० खर्ब २५ अर्ब रूपैयाँ रकम आवश्यक पर्ने अनुमान छ ।

दिगो विकास लक्ष्य कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन नीतिगत, कानुनी तथा संस्थागत संरचना तयार गरिएका छन् । विश्वसनीय र सुदृढ तथ्यांक प्रणालीको विकास गर्न तथ्यांक ऐनको मस्यौदा तयार भएको र तथ्यांक प्रणालीसम्बन्धी राष्ट्रिय रणनीति भई कार्यान्वयनमा आएको छ । त्यस्तै, राष्ट्रिय तथा प्रादेशिक अनुगमन तथा मूल्यांकन दिग्दर्शन र प्रादेशिक तहका

*बाँकी पृष्ठ ३ मा*

# दिगो विकासः ... . .

दिगो विकास लक्ष्य सूचकको पहिचान गरी कार्यान्वयनमा ल्याइएको छ ।

भूपरिवेष्ठिता, पहाडी तथा दूर्गम भू-बनोट, कमजोर प्राविधिक ज्ञान, सीमित आर्थिक आधार स्रोत, मौसम परिवर्तन, प्राकृतिक प्रकोप, वातावरण विनास, सामाजिक विभेद, साधन र स्रोतमाथि असमान पहुँच, असल शासनको अभाव, सामाजिक द्वन्द्व, भ्रष्टाचार (आर्थिक अनियमितता), सामन्ती चिन्तन, भूमिको असमान वितरण, जनसत्त्या वृद्धि दर, बसोबास आदि अव्यवस्थित हुनु पनि दीगो विकासका समस्याका रूपमा देखिएको छ ।

त्यस्तै, वन फँडानी, अवैध चोरी निकासी, जडिबुटीको निर्यातलाई नियन्त्रण गर्न नसक्नु, वैकल्पिक (नवीकरणीय) ऊर्जाको प्रयोगमा न्यूनता, गरिबी र बेरोजगारीको भयावह स्थितिमा पर्याप्त सुधार आउन नसक्नु, दिगो विकासलाई व्यवहारमा भन्दा नारामा बढी जोड दिनु, कृषियोग्य जमिनमा कमी र उत्पादकत्वमा ह्रास आएको छ । यसका साथसाथै विभिन्न किसिमका प्रदूषणहरू (पानी, माटो, वायु) जारी रहनु, सांस्कृतिक सम्पदाहरूको ह्रास, फोहोरमैला व्यवस्थापनमा कठिनाइ, अव्यवस्थित शहरीकरण र विकास निर्माण, अर्थतन्त्रमा अधिक परनिर्भरता, ब्यापार घाटाको अवस्था सिर्जना हुनु, तुलनात्मक लाभका क्षेत्रको विकास नहुनु पनि समस्या हुन् । स्थानीय उत्पादनमा न्यूनता र बढ्दो जनसत्त्यालाई व्यवस्थापन गर्न नसकिएको अवस्था छ । गुणस्तरीय शिक्षा र स्वास्थ्यको अभाव छ । अव्यवस्थित बसोबास, अव्यवस्थित शहरीकरण, दिगो, भरपर्दो पूर्वाधारको कमी पनि समस्याकै रूपमा देखिएका छन् ।

**सही रुपमा कार्यान्वयन कसरी गर्ने ?**

वन सम्पदाको संरक्षण तथा उपयोग, वन सम्पदाको समुदायको सहभागितामा व्यवस्थापन, जैविक विविधताको संरक्षण र उपयोग, ठाउँ, मौसम र माटोअनुसारको व्यावसायिक खेती प्रणालीको विकास, वातावरणमैत्री र गरिबी निवारण उन्मुख आर्थिक प्रणाली, जलसम्पदाको बृहत्तर उपयोग तथा व्यवस्थापन, नवीकरणीय ऊर्जाको विकास, पर्यटन व्यवसायलाई प्राथमिकता, फोहोर मैला व्यवस्थापनको उचित प्रबन्ध, जनसत्त्या वृद्धिमा नियन्त्रण गर्न सकिन्छ । शिक्षा र स्वास्थ्यको पर्याप्त वितरण, सम्पूणर् सामाजिक विभेदको अन्त्य, उत्पादन, वितरण तथा उपभोगमा समतामूलक तथा समानतामूलक प्रणालीको विकास, पिछडिएका जाति, वर्ग र समुदायको हित तथा जनताको जीवनस्तरलाई प्रमुख प्राथमिकता, असल शासन, आर्थिक अनियमितताको उन्मूलन, नेपालको मौलिक विशेषताअनुसारको व्यावसायिक शिक्षा प्रणालीको व्यवस्था, विकास निर्माण र वातावरणीय संरक्षण, नीति निर्माणमा समानुपातिक प्रतिनिधित्व पनि यसका उपाय हुन् ।

दिगो विकास लक्ष्यहरू हासिल गर्दै मुलुकी विकास प्रक्रियालाई अघि बढाउन सरकारको एकांगी प्रयास मात्र नभई निजी क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक क्षेत्र, सामाजिक क्षेत्रसँगको सहकार्य, साझेदारी र सहभागिताको पनि उत्तिकै जरूरी छ । नेपालमा विद्यमान वित्तीय स्रोत, प्रविधि र क्षमताको न्यूनता पूर्तिका लागि विकास साझेदारहरूलगायत अन्तर ाष्ट्रिय जगत्सँग सुदृढ साझेदारी र सहकार्यको आवश्यकता छ ।

दिगो विकासका लक्ष्यहरू कार्यान्वयन गर्ने प्रमुख दायित्व स्थानीय सरकारको हो । दिगो विकास लक्ष्यलाई जति स्थानीयकरण गर्न सकिन्छ । त्यति नै लक्ष्यहरू कार्यान्वयन हुने विश्वास गरिन्छ । नेपालको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई दिगो विकासका लक्ष्य कार्यान्वयन गर्न प्रशस्त अवसरहरू दिएको छ ।

# यस्तो हुन्छ, लिभर सिरोसिसका लक्षणहरू



कलेजो बिग्रिएर फेल हुने अवस्थालाई लिभर सिरोसिस भनिन्छ । नियमित रक्सी खाने, लामो समयदेखि हेपाटाइटिस बी र सी संक्रमण भएका व्यक्तिमा कलेजो बिग्रिने सम्भावना धेरै हुन्छ । मधुमेह, मोटोपन र कलेजोमा बोसोको मात्रा बिस्तारै बढ्दै जाँदा (फ्याटी लिभर) का कारण हुन सक्छ ।

## लिभर सिरोसिसका लक्षण

लिभर सिरोसिस हुँदा जन्डिस हुने, पहेंलो पिसाब आउने, खाना मन नलाग्ने, बान्ता हुने, आलस्य र कमजोरी महसुस हुने, खुट्टा सुनिन्ने र फुल्ने समस्या देखिन्छ ।

यस्तै पेट फुल्ने, पेट ठूलो हुने, छालामा मासु गलेर आउने, पातलो दुब्लो हुने, केटा मान्छेको स्तन बढेर आउने, चोट लाग्दा रगत बगिरहने लक्षण पनि देखिन्छन् । यस्ता समस्या देखिएमा अस्पताल गइहाल्नुपर्छ । कलेजो ७०-८० प्रतिशत बिग्रिंदासम्म पनि कति अवस्थामा कलेजोको रोगको कुनै पनि लक्षण वा समस्या नदेखिन पनि सक्छ । जस्तै, नियमित रक्सी सेवन गर्ने र कलेजो बिग्रिंदै गरेको व्यक्तिको केही महिनाअघिसम्म पनि कलेजोको र गतमा गरिने जाँच पनि सामान्य देखिन पनि सक्छ । कसैकसैमा रोगको सुरूवाती चरणमा कमजोरी महसुस हुने, छिट्टै थकाइ लाग्ने, काम गर्न गाह्रो हुने, हात-खुट्टा गलेर आउने, खाना खान मन नलाग्ने हुन सक्छ ।

## के के जाँच गर्ने ?

लिभर सिरोसिस पत्ता लगाउन र गत, पिसाब जाँच गर्नुपर्छ भने आवश्यकताअनुसार भिडियो एक्सरे, सिटिस्क्यान, इन्डोस्कोपी, फोक्सो स्क्यान, ब्लड प्रेसर र युरिक एसिड पनि जाँच्नुपर्छ ।

## सिरोसिस हुँदा के के समस्या आउन सक्छन् ?

लिभर सिरोसिस हुँदा पेटमा पानी जम्ने भएकाले पेट फुलेर आउने र श्वास फेर्न गाह्रो हुने हुन्छ । खुट्टा फुल्ने र सुन्निने, हिंड्न गाह्रो हुने, बान्ता हुँदा मुखबाट रगत आउने, दिसामा रगत आउने, दिसा कालो हुने, पिसाबमा कमी हुने, बोली लटपटिने, बेलाबेलामा होस गुमाउने समस्या हुन्छ । लिभर सिरोसिस बढ्दै गएमा कलेजोको क्यान्सरसमेत हुन सक्छ ।

## उपचार

लिभर सिरोसिसको औषधिबाटै पूर्ण उपचार नहुन सक्छ । यसको लागि प्रत्यारोपण नै गर्नुपर्ने हुन्छ । तर यसो भन्दैमा औषधि उपचार गर्नै नमिल्ने होइन । समस्या बढ्न नदिन, कलेजो थप बिग्रिन नदिन औषधिहरू प्रयोग गर्न सकिन्छ । समय-समयमा पेट तथा कलेजोरोग विशेषज्ञलाई जाँच गराई आवश्यक परामर्श लिनुपर्छ ।

## के खाने के नखाने ?

लिभर सिरोसिस भएका व्यक्तिले ग्लुकोज पानी, फलफूल, हलका खानेकुरा र सागपात खान हुन्छ ।

तर फ्राइ गरेको, तेलमा तारेको, जंकफुड, म:म, चाउमिन, प्याकेटका खानेकुरा, कोक, फ्यान्टाजस्ता चिसो पेय पदार्थ, रक्सी र चुरोट खानु हुँदैन । हेपाटाइटिस बी र सीबाट पीडित सिरोसिसका बिरामीले चिकित्सकको निगरानीमा औषधिको प्रयोग गर्न सकिन्छ ।

# हृदयघातः यि कुराले नि हुन्छ है !

मान्छेहरू भन्छन्, हृदयघात त बुढापाकालाई हुन्छ । तर, युवाहरू पनि हृदयघातको जोखिममा छन् । आखिर किन यस्तो भइरहेको छ ? यसलाई मिहिन रूपमा बुझ्न जरूरी छ । हाम्रो शरीरको हरेक अंगलाई बाँच्न र सामान्य रूपले काम गर्न अक्सिजन अनि रगतको आवश्यक्ता पर्छ । शरीरको हरेक अंगमा रगत पुर्‍याउने काम ठूला-साना धमनीले गर्छ । हाम्रो मुटुले भने यी नलीहरूमा रगतको एकनास प्रवाह गराउन पम्पको काम गर्छ ।

मुटु स्वयम्लाई पनि सही रहनका लागि रगत र अक्जिनको आवश्यक्ता पर्छ । यसका लागि मुटुमा रगत प्रवाह गर्ने धमनीहरू हुन्छन् । ती धमनीलाई कोरोनरी आर्टरिज भनिन्छ । जबी यी कोरोनरी आर्टरीमा कुनै कारणवश अवरोध हुनजान्छ, त्यसबेला मुटुको मांसपेशीमा रगतको कमी हुन्छ । यही कारणले मांसपेशीको मृत्यु हुन जान्छ र यस स्थितीलाई हृदयघात अर्थात हार्ट अट्याक्ट भनिन्छ ।

## के कारणले यस्तो हुनसक्छ ?

उच्च रक्तचापः


अनियन्त्रित उच्च रक्तचापले मुटुको धमनीहरूमा तनाव पैदा गर्छ । त्यसैले ती धमनीहरू मोटो र साँघुरो हुँदै जान्छ । यसको कारण मुटुलाई पम्प गर्न कठिन हुन्छ । यो हृदयघातका लागि जोखिमयुक्त हुन्छ ।

खराब कोलेस्टरोलः

खराब कोलेस्टरोल पनि हृदयघातको कारण बन्न सक्छ । खराब कोलेस्टरोल मुटुको धमनीमा जम्मा हुँदै जान्छ । यसले ती धमनीहरूको कार्यसंचालनमा बाधा पुर्‍याउन थाल्छ । यही कारण हृदयघात हुनसक्छ ।

मधुमेहः

मधुमेह खासगरी टाइप -२ मधुमेहले हृदयघातको जोखिम बढाउँछ । रगतमा चिनीको स्तर बढ्दा मुटुको धमनीमा असर गर्न थाल्छ साथसाथै यसले स्नायु प्रणालीलाई पनि प्रभावित बनाउँछ ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सेवाग्राहीलाई निराश नबनाउन नगर प्रमुख लामाको निर्देशन




◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मीनाकुमारी लामाले स्वास्थ्य केन्द्रमा आउने नागरिकलाई मुस्कानसहितको सेवा दिन निर्देशन दिएकी छन् । उपमहानगरमा रहेको स्वास्थ्य सस्थाहरूको आर्थिक बर्ष २०७९/८० को बार्षि समिक्षा गोष्ठीलाई संबोधन गर्दै नगर प्रमुख लामाले सेवा लिन आएका जनतालाई निराश बनाउने वातावरण नबनाउन सुझाब दिइन् । सेवा क्षेत्रमा रहँदा जनप्रतिनिधिको नाम राख्ने गरी काम गर्ने तर्फ ध्यान दिन आग्रह गर्दै स्वास्थ्य क्षेत्रमा रहेको समस्यालाई पालिकले समाधान गर्ने बताइन् । उनले अहिले महामारीको रूपमा रहेको डेंगु र आँखा पाक्ने रोगको उपचारको लागि सक्रिय भएर लाग्ने, आवश्यक औषधीको व्यवस्थापन मिलाउन निर्देशन दिइन् ।

कार्यक्रममा उपमहानगरका उपप्रमुख राजेश बानियाँले बार्षिक कार्यक्रमबाट भएको उपलव्धी के हो भन्ने देखाउन आवश्यक रहेको बताए । उनले जागिरको लागि मात्र काममा होइन प्रतिफल देखिने गरी काम गर्नुपर्ने बताए । हामी जनताका लागि काममा छौं, कर्मचारीले त्यस तर्फ ध्यान दिन जरूरी रहेको उनको भनाई थियो । १२ र १३ भाद्र २ दिन सम्म चलेको बार्षिक समिक्षामा २३ वटा स्वास्थ्य सस्थाका प्रमुखहरूले गरेको कामको प्रतिवेदन प्रस्तुत गरेका थिए । उनीहरूले खोप, बिरामि जाँच, क्षयरोग, बृद्धि अनुगमन, पोषण लगाएका स्वास्थ्य सुचकको बारेमा प्रस्तुतिकरण गरेको उपमहानगर पालिका स्वास्थ्य शाखाका सिनियर अहेब केशब तिमल्सिनाले जानकारी दिए ।

समिक्षामा हेटौंडा उपमहानगरपालिकको जनस्वास्थ्य शाखाको जनस्वास्थ्य निरिक्षक भोला चौलागाईले नगरमा भएका कामको बारेमा प्रस्तुतीकरण गर्दै खोप, क्षयरोग उपचारमा राम्रो प्रगति रहेको बताए । कार्यक्रमा स्वास्थ्य सस्थाहरूमा भवन, कर्मचारी अभाब, कार्यालय व्यवस्थापन सामग्री आवश्यक रहेको प्रमुखहरूले बताएका थिए ।

# कैलाश गाउँपालिकामा स्वास्थ्य कार्यक्रमको वार्षिक समिक्षा




◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा भएका प्रगति तथा चालु वर्ष ०८०/८१को वार्षिक कार्ययोजना तर्जुमा गरेको छ । सोमबार गाउँपालिका प्रमुख लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

स्वास्थ्य शाखाको आयोजना भएको कार्ययोजना तर्जुमा कार्यक्रममा गत आवमा खोप सेवा/बालरोग व्यवस्थापन सेवाको अवस्था राम्रो सुधार भएको, क्षयरोगी/कुष्ठरोगीमा कमी, संस्थागत सेवामा सुधार, वर्थिङ सेन्टर सेवा राम्रो, बाल तथा मातृ मुत्युदरमा कमी, परिवार नियोजन सेवाको पहुँच बढ्दो रहनुका साथै गाउँपालिकामा पोषणको अवस्था कमजोर रहेको प्रगति प्रतिवेदनमा उल्लेख छ । छलफल कार्यक्रमले स्वास्थ्य क्षेत्रमा चाल आवमा गरिने कार्यक्रममा पूर्ण प्रविधिमैत्री स्वास्थ्य संस्था, पालिका प्रमुख पोषण प्रवर्द्धन कार्यक्रम गरिनुका साथै पूर्ण पोषणमैत्री स्वास्थ्य संस्था गाउँपालिका बनाउने लक्ष्य रहेको गाउँपालिका प्रमुख मुक्तानले बताए ।

स्वास्थ्य क्षेत्रमा कुनै पनि कमी नहुने गरी कर्मचारी पदपूर्ति गर्ने र स्वास्थ्य सेवामा मुस्कान सहित सेवा प्रदान गर्न प्रमुख मुक्तानले सबैलाई आग्रह गरेका छन् । प्रत्येक गाउँबासीको स्वास्थ्यसँग गाउँपालिका नजिक रहेर काम गरिने समेत प्रतिवद्धता गरेका छन् ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, प्रमुख प्रशासकीय प्रमुख अशोक विष्ट, स्वास्थ्य शाखा प्रमुख कृष्ण यादव लगायतको आतिथ्यता रहेको थियो । छलफल कार्यक्रममा गाउँपालिकाका स्वास्थ्यकर्मी तथा पालिकाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# विदेशको सीप, स्वदेशको कमाई

◆ विकास संवाददाता

विदेशमा सिकेको सीपलाई व्यवहारमा उतार्न सके स्वदेशमै मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरणीय बनेका छन् मकवानपुर थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङका पुरूषोत्तम लामिछानेले । उनले इजरायलमा सिकेको कृषि व्यवसाय सम्बन्धी सीप जन्मभूमि फर्केर ब्यवहारमा प्रयोग गरेर राम्रो आम्दानीका साथै कृषि पेशामा कहलिएका छन् । विदेशको सीप स्वदेशमै प्रयोग गरी प्रसिद्ध र आम्दानी दुवै बटुलेका छन् ।

वि.सं. २०७४ मा स्वच्छन्द भैरव साना किसान कृषि सहकारी संस्था चित्लाङबाट कृषि सम्बन्धी तालिम लिन इजरायल पुगेका लामिछानेले त्यहाँ १२ महिनाको कृषि प्राविधिक तालिम लिएर फर्केका छन् । ३ लाखबाट शुरू गरेको व्यवसाय लाखौमा परिवर्तन भएको छ । इजरायलको मरूभूमिमा चमत्कारिक कृषि व्यवसाय देखेका लामिछानेले त्यहाँबाट फर्केलगत्तै आधुनिक टनेल निर्माण गरी गोलभेडाको खेतीबाट सुरू गरेका छन् । अहिले चित्लाङमा ६ रोपनी जग्गामा १९ वटा टनेलमा व्यावसायिक कृषि कर्म गरिरहेका छन् । यसै वर्ष ११ टन गोलभेडा बेचिसकेका छन् । यस वर्ष गोलभेडाको बजारमा भाउ राम्रो भएकोले गोलभेडाबाट मनग्य आम्दानी भएको लामिछानेले बताए ।

उनले आधुनिक टनेल बनाएर गोलभैंडा खेती गर्दै आएका छन् । उनले बारीमा मौसमअनुसारको आलु, काउली, अकबरे खुर्सानी, भेडेखुर्सानी, बन्दालगायतको तरकारीसमेत उत्पादन गर्दै आाएका छन् । बिउसमेत आफैले उत्पादन गर्दै आएका बस्नेतले बार्षिक १५ लाखभन्दा बढी आम्दानी गर्दै आएको सुखद खबर सुनाए । लामिछानेले अहिले आफ्नो खेर गैरहेको १७ रोपनी पाखालाई थाहा नगरपालिकाको अनुदानमा विभिन्न फलफुलले सजाएका छन् । अहिले लामिछानेले चार सय तेह्रथुमे स्थानीय जातको कागतीसहित किवि र दाते ओखरको समेत खेती गरेका छन् । पहिलो वर्ष भएकोले १५ सय केजी हुने बताउँदै उनले आगामी वर्ष ७ टनसम्म कागती उत्पादन हुने अनुमान गरे । आधुनिक कृषि व्यवसायमा लागेका लामिछाने उत्पादित सामानको बजारको समस्या नरहेको बताउँछन् । उनी भन्छन्-'बजार सम्म आफ्ना उत्पादन पुर्‍याउन बाटोघाटोको समस्या र कामदारको समस्या भने निकै झेल्नुपर्छ ।'

श्रीमती र आफुले खेती गरिरहेको बताउदै लामिछानेले भने-'कृषिका लागि दक्ष कामदार चाहिन्छ, त्यो यहाँ छैन ।' चाहिएको बेला बीउ, मल र प्राविधिक जनशक्ति पाएमा र बिचौलिया नरहेमा कृषि कामबाटै मनग्ये आम्दानी गर्न सकिने उनको अनुभव छ । लामिछानेले उत्पादन गरेका तरकारी काठमाडौलगायत नेपालको तराई र स्थानीय खपत हुँदै आएको छ । स्थानीय व्यवसायी र साना किसान सहकारी मिलेर गाउँमा भएको उत्पादनलाई नियमित काठमाण्डौ लैजाने सवारी साधन र बजारको व्यवस्था आफूले मिलाउँदै आएको उनले सुनाए । इजरायलमा सिकेको सिप गाउँमै लगाएर वार्षिक रूपमा लाखौ रूपयाँ आम्दानी गर्न सफल हुँदा छुट्टै खालको आनन्द र सन्तुष्टि मिलेको उनले खुशी सुनाए । हिजोआज कृषि व्यवसायको बारेमा सल्लाह सुझाव लिन लामिछाने कहाँ जाने युवाहरू पनि धेरै छन् । आफूले सिकेको कुरा अरूलाई पनि सिकाउँदै आएका लामिछाने भन्छन् 'श्रम गर्न सके देशकै मोटोमा रोजगारी मिल्ने रहेछ ।' हाम्रो देश कृषि प्रधान देश भए पनि सरकारले किसानको हितका लागि नतिजामुखी सहयोग नगरेको उनको गुनासो छ ।

युवाहरूलाई व्यवसायिक कृषि पेसामा लाग्न सरकारले अनुदानको व्यवस्था मिलाउनु पर्ने उनको भनाई छ । 'सरकारले कृषिकलाई अनुदान दिए विदेश जाने युवाहरू स्वदेशमै कृषि व्यावसय गरेर बस्ने थिए, आज किन गाउघरको खेतियोग्य जमिन बाँझो हुन्थ्यो ?' लामिछानेले प्रश्न गरे, 'आफ्नै देशको माटोमा श्रम गरे यही मनग्य आम्दानी गर्न सकिने भएपछि खाडी मुलुक किन जानु ?'

# मितेरीमा क्युआर कोड सेवा सुरू

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ५ फाखेलमा रहेको श्री मितेरी बचत तथा ऋण सहकारी संस्थाले क्युआर कोड सेवा सुरू गरेको छ । संस्थाको १७ औं स्थापना दिवसको अवसर पारेर क्युआर कोड सेवा सुरूवात गरिएको संस्थाका अध्यक्ष धनराज महर्जनले बताए ।



प्रविधिलाई अंगाल्दै सहकारीले शेयर सदस्यहरूलाई सहज बन्ने उद्देश्यले क्युआर कोड सेवा सुरू गरिएको अध्यक्ष महर्जनले बताए । उनले स्थापना दिवसको अवसरमा सहकारीलाई यहाँसम्म ल्याउने सबैसबैप्रति शुभकामना व्यक्त गरेका छन् । इन्द्रसरोवर गाउँपालिकाका निवर्तमान अध्यक्ष जीवन लामाको प्रमुख आतिथ्यता तथा वडा नम्बर ५का वडाध्यक्ष दुतराज तितुङ र वडा नम्बर ४ का वडाध्यक्ष चन्द्रकुमार बलको आतिथ्यता रहेको थियो । कार्यक्रममा गाउँपालिकाका कार्यपालिका सदस्य, संस्थाका सल्लाहकार, पदाधिकारीको आतिथ्यता रहेको थियो । इन्द्रसरोवर गाउँपालिकाको साविक फाखेल गाविसलाई कार्यक्षेत्र बनाएर आफ्ना शेयर सदस्यलाई सेवा प्रदान गरिरहेको संस्थाका व्यवस्थापक सरोज थापा मगरले बताए ।

सहकारीले असार मसान्त सम्ममा आफ्ना शेयर सदस्यलाई ११ करोड ८ लाख ७ हजार १४५ रूपैयाँ लगानी गरेको छ भने शेयर सदस्यले संस्थामा गरेको बचत रकम १० करोड ५३ लाख ५७ हजार ६५२ रूपैयाँ रहेको व्यवस्थापक थापामगरले बताए । उनका अनुसार संस्थाको शेयरपुँजी १ करोड ५१ लाख ९५ हजार पाँच सय रहेको छ । संस्थामा महिला ७६८ जना र पुरूष ८३७ जना गरि १ हजार ६०५ जना शेयर सदस्य आवद्ध रहेका छन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहानगरको घट्टेचौरमा हिलेजात्रा मनाइयो

◆ विकास संवाददाता



मकवानपुर थाहानगरको ३ नम्बर वडाको घट्टेचौरमा वर्षेनी मनाइने हिलेजात्रा आज १६ भदौमा मनाइएको छ । नेवारी समुदायले विशेष महत्वका साथ मनाउने यस पर्व जनकल्याण माविको आँगनमा विभिन्न देवता तथा लाखे नाच र परम्परागत प्रहशनहरू गरेर मनाइएको हो ।

हिलेजात्रामा खेतीपाती, देव-दैत्यबीचको द्वन्द्वसँग जोडिएको परम्परागत नृत्य, लाखे नाच, रोपाईं अभिनय र प्रहसन समेत गरिएको छ । थाहा नगरपालिका वडा नम्बर २ को पालुङको नेवार वस्ती, देउला वस्ती, थाहा-३ को गोपाली बस्ती, थाहा-१ ओखरबजार लगायतका स्थानबाट जात्रा निकालेर घट्टेचौरमा देखाउने चलन रहेको छ । यस अवसरमा पालुङको पाण्डुकेश्वरबाट महादेवको मुकुट दिउँसो घट्टेचौर ल्याउने र पुजा आरधना गर्ने वर्तालुहरू त्रिवेणीमा स्नान गरी पुजाआज गर्ने चलन रहेको छ ।

घट्टेचौरमा पालुङ र गोपाली गाउँको लाखे नाचसहित रोपाइ नाच, ओखरबजारको रोपाइ नाच, राजारानी नाचहरू प्रदर्शन गरिएको थियो भने पालुङको इन्द्रायणी, गणेश, कालाभैरव, कुमारी र बज्रवाराहीको नाच पनि देखाइएको छ । राजा गुणकामदेवको पालादेखि शुरू भएको यो जात्रा सामाजिक अध्ययनका विद्यार्थीहरूको लागि एक अवसरको रूपमा रही आएको छ । पहिले जात्रामा पसलहरू राख्ने गरेको भए पनि अहिले बढ्दो शहरीकरण र खुल्ला बजारको कारण यो प्रचलन कम हुँदै गएको छ ।

# ब्याडमिन्टन संघ मकवानपुरको सदस्यमा थाहानगरका रायमाझी

◆ विकास संवाददाता



मकवानपुर जिल्ला ब्याडमिन्टन संघको जिल्ला सदस्यमा थाहा नगर पालिकाका यादवजंग रायमाझी सदस्य पदमा चुनिनु भएको छ । १६ भाद्रमा हेटौंडामा भएको एक भेलाले ध्रुवप्रसाद घिमिरेको अध्यक्षतामा गठित २० सदस्यीय कार्यसमितिमा थाहानगरका रायमाझी पनि चुनिएका हुन् ।

संघको वरिष्ठ उपाध्यक्षमा विजय सिंह ठकुरी, उपाध्यक्षमा माधवी बोस, सुरेन्द्र प्रधान र देवबहादुर घिमिरे, सचिवमा प्रल्हाद उप्रेती, कोषाध्यक्षमा बिरू गुरूङ र सह-कोषाध्यक्षमा सगुन स्याङ्तान चयन भएका छन् । यस्तै सदस्यमा केवलराज बानियाँ, सन्तोष कुमार क्षेत्री, दीपक सिंह बुढाथोकी, यादवजंग रायमाझी, भुवन थापा, कुमार गोले, विक्रम सिं लामा, जीवन ठकुरी, नरेन्द्र मोक्तान, नवराज राई, रमेश रेग्मी र गुणबहादुर घलान चयन भएका हुन् ।

संघका सल्लाहकार हिरालाल श्रेष्ठको अध्यक्षतामा भेला भेला भएको हो ।

# यसपालिबाट थाहानगरको चित्लाङमा पनि हिलेजात्रा



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नंम्बर ९ को चित्लाङमा यो वर्ष हिले जात्रा आयोजना गरिएको छ । लामो समयदेखि विभिन्न कारणले रोकिएको हिले जात्रा यो वर्ष पुनः श्री स्वच्छन्द भैरव धार्मिक तथा सांस्कृतिक व्यवस्थापन समितिले आयोजना गरेको हो ।

स्थानीय राजन बलामीले ऐतिहासिक तथा पौराणिक महत्वको नाच (हिले जात्रा) जनै पूर्णिमाको दिनबाट सुरू भएको र जात्रा १७ भाद्रसम्म चल्ने जानकारी दिए । उनका अनुसार जात्रामा खेतमा रोपाइँ गरे जस्तै गुठियारको घरको आँगनमा पुगेर नाच गान गरिन्छ । "यो रोपाइँ जात्रा जस्तै हो", बलामीले भने, "रोपाइँ भएको छ छैन सोध्ने, रोपाइँ गर्ने र मनोरञ्जनका लागि राजारानी र भगवानको नाच प्रदर्शन गर्ने गरिन्छ, देउसिरेमा जस्तै मागिन्छ ।"

चित्लाङको माझगाउँमा लाग्ने जात्रामा गोरू एक हल, हली, बाउसे चार जना, रोपार तीन-चार जना, राजा एक जना, रानी दुई जना, राम, लक्ष्मण र हनुमान, कात्तिक नाचमा जस्तै तीन जना जोगीलगायतका पात्रहरू हुने गर्छन् । नाचमा बाजा बजाउनेलगायत झण्डै १५ जना गुरू रहने बलामीले बताए ।

माझगाउँका एक सय ३० गुठियार मध्ये एउटै आँगन भएकाहरूको एकै ठाउँमा गरी करिब ७०/८० स्थानमा नाच देखाइने छ । समितिले धर्म, संस्कृतिसँगै ऐतिहासिक तथा पौराणिकको संरक्षणका लागि नाच प्रदर्शन गरेको जनाएको छ । जात्रा सुरू हुँदा र समापन हुँदा स्थानीय डबलीमा पूजाआजा गर्ने गरिन्छ ।

## माओवादी विशेष अभियानको शुरु

# थाहानगरमा ज्येष्ठ नागरिकलाई न्यानो कपडा




◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्रको तीन महिने विशेष रूपान्तरण अभियानको मकवानपुर थाहा नगरपालिकामा पनि शुभारम्भ गरिएको छ । पाटीको १३ भाद्रमा विकास घर शिखरकोटमा बसेको विस्तारित बैठकले तोकेको जिम्मेवारी अनुसार पार्टीका जिल्ला नेताहरूले पालिकाको १२ वटै वडामा विभिन्न सामाजिक कामसंगै रूपान्तरण अभियानको शुभारम्भ गरेको माओवादी थाहानगरले जनाएको छ ।

'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' नाम दिई शुरू गरि एको अभियानमा पाकापुस्तालाई सम्मानदेखि सरसफाई जस्ता सामाजिक काम गर्दै अभियानको शुभारम्भ गरिएको छ । जिल्ला समन्वय समिति मकवानपुरका सदस्य जयराम रायमाझी अभियानको नेतृत्व गरेका वडा नम्बर १ मा अन्तरक्रिया कार्यक्रम भएको छ । वडा नम्बर १ का जनवर्गिय मोर्चा र वडाकमिटीबीच अन्तरक्रिया भएको हो । बागमती प्रदेश सचिवालय सदस्य विष्णु विष्ट_आदर्शुले नेतृत्व गरेको २ नम्बर, कृष्ण कार्कीले नेतृत्व गरेको ६ नम्बर वडा, मंगल बहादुर मोक्तानले नेतृत्व गरेको वडा नम्बर १२ मा पार्टीमा आवद्ध कार्यकर्ता तथा युवाहरूबीच अन्तक्रिया कार्यक्रम गरेको छ ।

त्यस्तै माओवादी नेता तारा सिन्तानले नेतृत्व गरेको वडा नम्बर ३, अरूण रायमाझीले नेतृत्व गरेको वडा नम्बर ४, सनमसिंह मुक्तानले नेतृत्व गरेको वडा नम्बर ७, लक्ष्मण विष्टले नेतृत्व गरेको वडा नम्बर १० र बिनोद लामाले अभियानको नेतृत्व गरेको वडा नम्बर ११ मा ज्येष्ठ नागरिक सम्मान गरेर अभियानको शुभारम्भ गरिएको छ भने १० नम्बर वडामा सरसफाई कार्यक्रम समेत गरिएको छ ।

त्यसैगरी सुवर्ण गोपालीले अभियानको नेतृत्व गरेको वडा नम्बर ५, विनायक गोलेले नेतृत्व गरेको वडा नम्बर ८ मा शहीद परिवारलाई सम्मान गरेर अभियानको शुभारम्भ गरिएको छ भने प्रलोक पाण्डेले अभियानको नेतृत्व गरेको वडा नम्बर ९ मा विभिन्न क्षेत्रमा योगदान दिएका व्यक्तिहरूलाई सम्मान गरेर माओवादी थाहानगरले 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' शुरू गरेको जनाएको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# स्वास्थ्य केन्द्र परिसर सरसफाई

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको पालुङ प्राथमिक स्वास्थ्य केन्द्र परिसर सरसफाई गरिएको छ । १५ भाद्र शुक्रबार कार्यालय परिसरमा सरसफाई गरिएको डाक्टर गगन कार्कीले जानकारी दिए ।

सरसफाई कार्यक्रममा स्वास्थ्य केन्द्रका डाक्टर टिम तथा स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा स्वास्थ्य केन्द्रमा ओजेटीमा रहेकाहरूले समेत सघाएका थिए । नियमित उपचार सेवाका साथै स्वास्थ्य केन्द्र परिसर सरसफाई गर्दा सकारात्मक सन्देश पनि जाने र सरसफाई पनि हुने भएकोले यस्तो कार्यक्रम आयोजना गरिएको डाक्टर पवन कार्कीले जानकारी दिए ।



यसअघि पनि विभिन्न गैर सरकारी संघसंस्थासंगको समन्वयमा स्वास्थ्य केन्द्र परिसरमा सरसफाई तथा वृक्षारोपन लगायतका सामाजिक कार्यक्रमहरू हुँदै आएको छ ।

# वितिय प्रगती .... .. . . .

स्तरमै आँखा उपचार सेवा सुचारू गरिएको, वडा नम्बर १ मा रहेको सानुमाखु सामुदायिक स्वास्थ्य इकाइ निर्माण सम्पन्न गरी स्वास्थ्य सेवा सुचारू गरिएको, वडा नम्बर ४ मा स्तुपा अस्पतालको संलग्नतामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी स्त्रीरोग, भिडियो एक्सरे, प्याथोलोजी सेवा, जनरल मेडिसिन सेवा प्रदान गरी स्थानीय सरकार जनताको स्वास्थ्य सेवामा प्रतिवद्ध भई काम भैरहेको गाउँपालिका अध्यक्ष देव कृष्ण पुडासैनीले समिक्षा कार्यक्रममा प्रगती सुनाए ।

अघिल्लो आर्थिक वर्षको समिक्षा गर्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्कीले आर्थिक वर्ष २०८०।०८१ मा सबै योजनाहरू वैशाख मसान्तसम्म सम्पन्न गरिसक्न सम्बन्धित शाखा प्रमुखहरूलाई निर्देशन दिएका छन् । अघिल्लो आर्थिक वर्षको ढिलाईबाट पाठ सिक्दै संघ र प्रदेश सरकारबाट सञ्चालन हुने समपूरक र विशेष अनुदानका योजनाहरू समयमै सम्पन्न गर्न ई-बिडिङ प्रक्रियाका लागि सबै प्रक्रिया पुरा गर्न २०८० भाद्र १५ सम्मको समयसीमा तोकी सम्बन्धित प्राविधिक शाखा प्रमुख र प्राविधिक कर्मचारीहरू लगायत वडामा समेत पत्राचार भइसकेको प्रशासकीय अधिकृत कार्कीले जानकारी दिए । सुशासन कायम गर्न गाउँपालिकाले लामो समयदेखि हुन नसकेको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी जवाफदेहिता स्थापित गर्ने अभियान संचालन गरिएको कार्कीले बताए ।

सूचनाको हकलाई प्रत्याभूत गर्न माग गरेका सूचना नियमानुसार उपलब्ध गराइएको बताउँदै राष्ट्रिय सूचना आयोगले पालिकामा गत आर्थिक वर्षमा सूचनाको हक कार्यान्वयनका सम्बन्धमा स्थलगत अवलोकन गरेको जानकारी प्रशासकीय अधिकृत कार्कीले गराए । सूचनाको हकको कार्यान्वयनमा गाउँपालिकाका तत्पर भएको र आयोगबाट औंल्याइएको कुराहरू समेत कार्यक्रममा जानकारी गराइएको थियो । अघिल्लो आर्थिक वर्षमा सुशासनको प्रत्याभूत गर्न राष्ट्रिय सतर्कता केन्द्रले गाउँपालिकामा नै आई जनप्रतिनिधि र कर्मचारीहरूका लागि अभिमुखीकरण कार्यक्रम गरेको कार्कीले जानकारी गराए । रोजगारी सिर्जनाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रमलाई एकीकृत गरी प्रभावकारीरूपमा कार्यक्रम संचालन गरी ८३ जनाले




रोजगारी पाई विकास निर्माणका काम सम्पन्न गरिएको समिक्षामा जानकारी गराइएको थियो ।

त्यसैगरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत ५ वटै वडामा अचार बनाउने, ढाका कपडा बुनाई, मौरीपालन तालिम र आधुनिक घार वितरण, एडभान्स ब्युटिसियन तालिम, ड्राइभिङ तालिम लगायतका तालिम सञ्चालन गरी उक्त तालिमका क्रममा प्रयोग भएका सबै सामाग्रीहरू तालिममा सहभागीहरूलाई नै हस्तान्तरण गरी स्थानीय स्तरमै स्वरोजगार भई आय आर्जन गर्ने वातावरण मिलाएको गाउँपालिका उपाध्यक्ष उमा कुमारी लामाले बताइन् । स्थानीय तहको न्यायिक अधिकार अन्तर्गत अघिल्लो आर्थिक वर्षमा ४१ वटा विवादहरू दर्ता भएकामा ३० वटा विवादहरू मेलमिलापका माध्यमबाट निरूपण गरिएका छन् भने बाँकी मेलमिलापका प्रक्रियामा रहेका छन् ।

कार्यक्रममा संघीय सरकारले प्रदान गर्ने विभिन्न अनुदानका रकमहरू भुक्तानीको समयमा रोकिदा र आन्तरिक आम्दानी कमजोर हुँदा स्रोत अभाव भई केही योजनाहरू सञ्चालन गर्न नसकिएकोले सोचे अनुरूपका लक्ष्य हासिल गर्न नसकिएको गाउँपालिकाका अध्यक्ष पुडासैनीले बताए । समृद्ध इन्द्रसरोवर निर्माण गर्न आगामी दिनहरूमा सबैलाई मिलाएर सहकार्य र समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै विकासको मामलामा कसैसँग सम्झौता नगर्ने अध्यक्ष पुडासैनीले बताए । गाउँपालिकाका अध्यक्ष देव कृष्ण पुडासैनीको अध्यक्षतामा भएको समिक्षा कार्यक्रममा उपाध्यक्ष उमाकुमारी लामा, प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, शाखा प्रमुखहरू, वडा सचिवहरू, स्वास्थ्य चौकीका इन्चार्जहरू लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन प्रशासन तथा योजना शाखा प्रमुख दिपक चाँपागाईले गरेका थिए ।

**बालअधिकारप्रति संवेदनशील बनौं ।**

– माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
– बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं ।
– बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

*बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**कृषकहरुका लागि जनहितमा जारी सन्देश**




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर




**थाहा नगरपालिका**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी